# संघीय संसद
# राष्ट्रिय सभा
# राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः१३०
मिति २०७९/०५/३१
समयः बिहान १०: ३० बजे
प्रारम्भ : १०: ४० बजे
अन्त्य: १२:४० बजे

<u>छलफल तथा निर्णयः-</u>

समितिको आज मिति २०७९/०५/ ३१गते बसेको बैठकमा, बजार अनुगमन, मुल्यवृद्धि नियन्त्रण, उपभोक्ता हित संरक्षण तथा गुणस्तरीय वस्तुको सहज आपुर्ति सम्बन्धमा उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयका सचिव र सम्वद्ध अधिकारीहरुसँग छलफल भई देहाय बमोजिम निर्णय भयो-

(१) दशै, तिहार, छठ, नेपाल सम्वत, बकर ईद, ल्होसार लगायतका महत्वपूर्ण चाडपर्वहरुको आगमनसंगै बजारमा दैनिक उपभोग्य वस्तुहरुको कृत्रिम अभाव सृजना गरी कालावजारी अखाद्य वस्तुको मिसावट हुने गरेको, मूल्यवृद्धिको समस्याले आम नागरिकहरु आक्रान्त भईरहने सन्दर्भमा देशभर कृत्रिम अभाव सृजना हुन नदिई कालाबजारी रोक्न, यी चाडपर्व शुरु हुनुभन्दा अगाडिदेखि नै दैनिक उपभोग्य वस्तुहरुको वा सामाग्रीको अस्वभाविक मूल्य वृद्धिमा नियन्त्रण गर्न र चाडपर्वको समयलाई मध्यनजर गरी तत्काल सुपथ मुल्य पसलको सञ्चालन, समय अवधि र क्षेत्रगत दायरा विस्तार गरी समयमा गुणस्तरीय, स्वस्थकर खाद्य, पेय, दलहन, तेलहन, मासुजन्य लगायतका वस्तु सुलभ र सुपथ मूल्यमा आपूर्तिको व्यवस्था सुनिश्चित गर्न गराउन, प्रत्येक पसलमा मुल्य सूची अनिवार्य रुपमा राख्ने व्यवस्था गर्न, वस्तु तथा सेवामा मुल्यको एकरुपता कायम गर्न, अन्तर मन्त्रालय र तीन तहका सरकारबिच समन्वय र सहकार्य गर्दै, एकिकृत बजार अनुगमन प्रभावकारी रुपमा सञ्चालन गरी उपभोक्ता हित संरक्षण गर्न, सो सम्बन्धमा नेपालको संविधानले प्रत्याभुत गरेको मौलिक हक र कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउन गर्न नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई निर्देशन दिने।

(२) समितिको आगामी बैठक अर्को सूचना भएपश्चात बस्ने गरि आजको बैठक अन्त्य भयो।